# <u>प्रदेश सरकार कार्य सम्पादन (दोस्रो संशोधन) नियमावली, २०७८</u>

प्रदेश सरकार कार्य सम्पादन नियमावली, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यी नियमहरुको नाम "प्रदेश सरकार (दोस्रो संशोधन) नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्रदेश सरकार कार्य सम्पादन नियमावली, २०७४ को नियम ९ मा संशोधन</u>**: प्रदेश सरकार कार्य सम्पादन नियमावली, २०७४ को नियम ९ मा रहेका “आन्तिरक मामिला तथा कानून मन्त्रालय" भन्ने शब्दहरुको सट्टा “आन्तरिक मामिला, कानून, युवा तथा खेलकूद मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

**प्रदेश सरकार कार्य सम्पादन (दोस्रो संशोधन) नियमावली, २०७८ को**

**तिन महले विवरण**

| क्र. सं. | नियम | हालको कानूनी व्यवस्था | संशोधनको लागि प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|---|
| १. | प्रदेश सरकार कार्य सम्पादन नियमावली, २०७४ को नियम ९ | **आन्तिरक मामिला तथा कानून मन्त्रालयसँग परामर्शः** प्रदेश प्रशासन, शान्ति सुव्यवस्था एवम् गृह प्रशासनको काम, कर्तव्य, अधिकार र उत्तरदायित्व थपघट गर्ने कार्य गर्दा आन्तरिक मामिला तथा कानून मन्त्रालयको परामर्श लिनु पर्नेछ। | **प्रदेश सरकार कार्य सम्पादन नियमावली, २०७४ को नियम ९ मा संशोधनः** प्रदेश सरकार कार्य सम्पादन नियमावली, २०७४ को नियम ९ मा रहेका "आन्तिरक मामिला तथा कानून मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "आन्तरिक मामिला, कानून, युवा तथा खेलकूद मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्। | प्रदेश सरकारको (कार्य विभाजन) नियमावली अनुकूल बनाउन आवश्यक भएको। |